रक्षा मन्त्रालय
सिंहदरबार काठमाडौं

## फोटोकपी मेशिन, प्रिन्टर र ल्यापटप खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मिति २०७८/०२/०६

रक्षा मन्त्रालयका लागि निम्न मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तका अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउ सम्बन्धि कागजात दस्तुर (फिर्ता नहुने गरी) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले१५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयको भण्डार शाखाबाट चालु आ.व. को लागि नवीकरण भएको इजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र, स्व. घोषणाको पत्र, मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई सूचनामा उल्लेख भए अनुसार दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस मन्त्रालयको नाममा सम्बोधन गरी सूचना नं., आपूर्ति गर्ने सामानको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लागाई सिलबन्दी लाहाछाप गरी यस मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दाखिला गर्ने अन्तिम दिन अर्थात १६ औं दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु र सरकारी कार्यालय प्रतिनिधीहरुको रोहवरमा यस मन्त्रालयको आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखामा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरबार काठमाडौंको नाममा, एभरेष्ट बैंक लिमिटेड सिंहदरबार काठमाडौंमा रहेको धरौटी खाता नं. ००१००१०५२०१२६८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा मालसामानको दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१०. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

११. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयको भण्डार शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

### तपसिल

| सि.नं. | दरभाउ पत्र सूचना नं. | खरिद आपूर्ति गर्ने सामानहरुको विवरण | जमानत रकम | दरभाउपत्र दस्तुर | खरिद प्रकृया |
|---|---|---|---|---|---|
| १. | १/०७७/७८ | मल्टि फङशन कलर फोटोकपी मेशिन -१ वटा | २४,००० | १,००० | सिलबन्दी दरभाउपत्र |
| २. | | मल्टि फङशन प्रिन्टर -४ वटा | | | |
| ३. | | ल्यापटप -४ वटा | | | |

देव बहादुर अधिकारी
उप-सचिव

डा. टोकराज पाण्डे
सह-सचिव